मिति २०६६ वैशाख ?८ गते नागरिक दैनिकमा प्रकाशित सूचना

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
आयोजना व्यवस्थापन कार्यालय
इटहरी, सुनसरी

दर्ता नं. 900६ -
मिति ०६६/१/२९

**आपूर्ति श्रृंखला विकास मा सहकार्यका लागि इच्छुक उत्पादक समुह, सहकारी, निजी प्राविधिक सेवा प्रदायक, प्रशोधनकर्ता, कृषि व्यवसायी र व्यापारीहरुबाट समृद्धि कोष (SAMRIDDHI FUND) अन्तर्गत पूरक अनुदान (Matching Grant) को लागि प्रस्तावना आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०७६।०७।२८**

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना, 'समृद्धि' (Rural Enterprises & Remittances Project-'SAMRIDDHI') कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को ऋण तथा अनुदान सहयोगमा नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा सञ्चालित आयोजना हो । नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) अन्तर्गतको कृषि उद्यम केन्द्र (AEC) र हेल्भेटास नेपाल यस आयोजनाका प्रमुख कार्यान्वयन साझेदारका रुपमा रहेका छन् । यस आयोजनाले प्रदेश नं. १ र २ को कोशी सगरमाथा र जनकपुर सडक खण्ड अन्तर्गतका केहि जिल्लाभित्रका सूचीकृत उत्पादन क्लस्टर/पकेट क्षेत्रहरुमा बजार मागमा आधारित कृषिजन्य आपूर्ति श्रृंखलाको विकास तथा स्तरोन्नतिको लागि कार्य गरिरहेको छ ।

सोही अनुरूप आयोजनाको प्राथमिकतामा परेका वस्तुहरु माछा, सुगन्धित तेल, दुध र हरियो तरकारी (Fish, MAPs, Milk and Off Season vegetables) आपूर्ति श्रृंखलाका विकासको लागि उत्पादन तथा उत्पादन उपरान्त संकलन, भण्डारण, प्रशोधन र बजार प्रवर्द्धन सम्बन्धी कार्य गर्ने कृषक समूह, सहकारीहरु, सेवा प्रदायक, निजी फर्म र व्यवपारी तथा कृषि व्यावसायीहरुसंग सह लगानी गर्न समृद्धि कोष (SAMRIDDHI FUND) को व्यवस्था गरिएको छ । उक्त समृद्धि कोष मार्फत आयोजनाले निर्दिष्ट गरेका उत्पादन पकेट क्षेत्रहरुमा देहायका वस्तुहरुको आपूर्ति श्रृंखला प्रवर्द्धन का लागि ईच्छुक उत्पादक समूह, सहकारी, निजी प्राविधिक सेवा प्रदायक, आपूर्तिकर्ता, संकलनकर्ता, प्रशोधनकर्ता, कृषि व्यवसायी र व्यापारीहरुबाट उप-आयोजना पूरक अनुदान (Sub-project Matching Fund) को लागि निम्नअनुसार क्षेत्रहरुमा आशय पत्र पेश गर्न आव्हान गरिन्छ ।

क) आशय-पत्रका लागि वर्गीकृत Window हरू :

| क.सं. | क्षेत्रहरु | Window 1: उत्पादक समूह/सहकारीहरुको लागि | Window SP : निजी प्राविधिक सेवा प्रदायकहरुको लागि | Window 2: सानो तथा मझौला कृषि व्यवसायीहरुको लागि | Window 3: ठूला कृषि व्यवसायीहरु वा कम्पनीहरुको लागि |
|---|---|---|---|---|---|
| १ | लगानीका क्षेत्रहरु | उत्पादन, उत्पादकत्वमा वृद्धि, उन्नत प्रविधि र क्षमता विकाससंग सम्वन्धित योजनाहरू । | कृषि र पशुपालन सम्बन्धी प्राविधिक सेवा प्रवाहका लागि आवश्यक प्रविधि, औजार आदि । | उत्पादन उपरान्त (Post-harvest) का कार्यहरु जस्तै संकलन, भण्डारण, प्रशोधन र व्यापार प्रवर्द्धन/बजारीकरण तथा गुणस्तर वृद्धि सहयोगी, कार्यहरू । | |
| २ | आवेदकको न्यूनतम योग्यता | क) तालिका ग मा उल्लेखित क्लस्टर/पकेट क्षेत्र भित्रका समूह सहकारी; ख) कम्तिमा २५ जना साना किसान आवद्ध भई सम्वन्धित निकायमा दर्ता भएको; ग) कुल सदस्य संख्याको ५० % महिला र ६० % युवा (४० वर्ष मुनिका) रहेको । घ) उप आयोजना कार्यान्वयन र सह-लगानी सम्बन्धी समूह वा सहकारीको निर्णय । | क) प्रस्तावित सेवा क्षेत्रसंग सम्वन्धित योग्यता र सीप प्रमाणित हुने प्रमाण-पत्र एवम् सम्बन्धित सरकारी निकायबाट अनुभवको कागजात । | क) औपचारिक रूपमा दर्ता भई समान प्रकृतिको कृषि वस्तुको कारोबार सम्बन्धी कम्तिमा १ वर्ष अनुभव भएको। ख) आयोजनाले पहिचान गरेका क्लस्टर /पकेट क्षेत्रका कृषक समूह सहकारीहरुसंग काम गर्न ईच्छुक व्यापारी एवम् कृषि व्यवसायीहरु । | क) औपचारिक रूपमा दर्ता भई समान प्रकृतिको कृषि वस्तुको कारोबार सम्बन्धी कम्तिमा ३ वर्षको अनुभव भएको । ख) आयोजनाले पहिचान गरेका क्लस्टर /पकेट क्षेत्रका कृषक समूह/ सहकारीहरूसंग काम गर्न ईच्छुक व्यापारी एवम् कृषि व्यवसायीहरू । |
| ३ | अधिकतम अनुदान सिमा | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरुको कुल लगानी रकमको ३० % वा बढिमा रु ९ लाख पहाडमा र रु ८ लाख तराईमा । | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरुको कुल लगानी रकमको ३० % वा बढिमा रु १ लाख ५० हजार । | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरुको कुल लगानी रकमको ३०%, वा बढिमा रु १५ लाख सम्म । | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरुको कुल लगानी रकमको ३० % वा बढिमा रु.१ करोड सम्म । |
| ४ | लाभान्वित किसान संख्या | कम्तिमा २५ जना कृषक आवद्ध समूह सहकारी | कम्तिमा १५० जना कृषकहरूलाई सेवा पुर्‍याउनु पर्ने । | कम्तिमा १०० जना कृषकहरुका उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । | न्युनतम ३३० जना कृषकहरुको उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । |

ख) Window 1 अन्तर्गत खुला लगानी (Unlocking Investment): :

| क्षेत्रहरू | विवरण |
|---|---|
| आवेदकको न्युनतम योग्यता | आयोजनाले निर्दिष्ट गरेका क्लस्टरहरुमा आयोजनाबाट प्रत्यक्ष रूपमा परिचालित उत्पादक समूह सहकारीहरु मात्र |

[illegible]

Scanned by CamScanner